Mercantile Exchange Nepal Limited
Invest -Trade - Earn

# प्रेस - विज्ञप्ती

**आदरणिय पत्रकार वन्धुहरु,**

नेपालको कृषि अर्थतन्त्र , बजार विकाश, आयात निर्यातकर्ता र लगानीकर्ताको लागी उपयुक्त वजार स्थल जसले विश्वव्यापी स्तर लाई आत्मसात गरि सोही वमोजिमको सेवा सुविधा दिन सकोस भन्ने हेतुले मर्कन्टाइल एक्सचेन्ज नेपाल लि. (मेक्स ) को स्थापना हुन गएको हो । मेक्सले कमोडिटीको भविष्य लक्षित कारोवारको लागी वस्तुको पहिचान गरी सो को कन्ट्र्याक्ट स्पेशिफिकेशन तयार गरी कारोवारको लागी वजार उपलब्ध गराएको छ ।

मेक्सले कमोडिटी एक्सचेन्जको रुपमा कार्यारंभ गरी फ्युचर्स बजारलाई हालको अवस्थामा अगाडी बढाएको छ । फ्युचर्स बजार मा कमोडिटीको हाताहाती मूल्य लाई आधार मानी भविष्यमा डेलीभरी लिंदा वा नगदै समायोजन गरी कारोवार राफसाफ गर्दाको अवस्थाको मिति सम्मको स्टोरेज, जोखिम रहित प्रतिफल लगायत का न्यूनतम अवयवहरु लाई समाहित गरी मूल्य तय गरीएको हुन्छ ।
फ्यूचर्स कारोबारमा वजारका प्रतिष्पर्धीले मूल्य कोट (Quote ) गर्न सक्दछन् तर त्यसलाई स्वतन्त्र श्रोतबाट पुष्टी भए / नभएको एक्सचेन्जले जांचवुंझ गरिमात्र उक्त मूल्यलाई उपभोक्ता समक्ष पस्कने हुंदा क्रमश : बजारले एक्सचेन्ज मार्फत कायम भएको मूल्यलाई आत्मसात गर्न सक्ने Mechanism को विकाशमा मेक्स स्थापना समय देखिनै लागी रहेको छ ।

## मेक्सको आज सम्मको उपलब्धि :

कमोडिटी फ्यूचर्स एक्सचेन्जको रुपमा 2007 Aug 14 मा स्थापना भएता पनि एक्सचेन्ज अटोमेशनको लागी तथा वजार अनुसन्धानमा लामो समय खर्चिएपश्चात २००९ जनवरी ५ बाट मात्र कारोबार शुरु गरेको मेक्स ले नेपालको सन्दर्भमा विविध प्रतिकूलताका बाबजुद फ्यूचर्स कारोवारको वारेमा पूर्व देखि पश्चिमसम्म अवधारणा सम्प्रेषणमा सफलता पाएको छ । यस सन्दर्भमा संचारमाध्यम बाट सम्प्रेषित समाचार हरुबाट पनि सहयोग पुग्न गएको तथ्यलाई आत्मसात गर्दै संचार जगतलाई धन्यवाद नदिईकन रहन सकिदैन ।

फ्युचर्स वजार स्थलको विकाश, जोखिम न्यूनिकरणको लागी उपयुक्त माध्यमको विकाश, कृषि अर्थतन्त्र तथा आयातमुखि अर्थतन्त्र को रुपमा विकाश भै रहेको नेपाली अर्थतन्त्रका लागी आयातजन्य वस्तुहरु तांमा, सुन, चांदी, पेट्रोलियम पदार्थ, कपास, सोयाविन तेललाई प्राथमिकतामा राखी वजारस्थल संचालन गरिएको र संचालनको ६ महिना भित्रमा नै नेपाली कृषि उत्पादनलाई वजार प्रवेशको लागी आवश्यक कार्यारंभ गरिएको छ, जसमा नेपाली अंलैची , चिया, मसुरोदाल, चामल, गंहु, मकैको विभिन्न हाटबजार बाट मूल्य संकलन गर्ने, भौतिक पूर्वाधार र स्टोरेजका लागी आवश्यक पर्ने कार्य प्रारंभ गरिसकिएको अवस्था समेत छ ।

बजार सहभागीहरुले वैकिङ माध्यम बाट मात्रै कारोबार होस र कारोवार रकम अवैधानिक नहोस भन्ने हेतुले वैंक संग Segregated A/c को व्यवस्था गरि Anti – Money Laundering लाई काडाईका साथ अवलम्बन गरिएको छ ।
निश्चित नियामक निकायको अभावका कारण आफ्नो तथा आंफू मातहतका Clearing तथा Non-Clearing Member लाई Regulate गर्नुपर्ने अतिरिक्त जिम्मेवारी लाई मेक्सले FSA, CFTC र FMC को स्तरमा रहि सम्पूर्ण Compliance Issues हरुको नियमन समेत गरि आएको छ । संभावित नियामक निकाय का लागी हाम्रो अहिले सम्मको Practice ले सहजता प्रदान गर्ने तथ्यमा हामी आशावादी छौ ।

## भविष्यका योजनाहरु :

१. कृषि अर्थतन्त्रलाई सहयोगी हुने : वेयरहाउसको विकास गरि कृषक स्वंय ले वेयरहाउसमा आफ्नो उत्पाद राखी, अनुकुल मूल्यमा विक्री गर्न सक्ने अवस्था सिर्जना गर्ने । यसमा करिव ३ महिना अघि देखि नै आफ्नो कार्य प्रांरभ भैसकेको तथ्य जानकारी गराउदछौं । स्वच्छ र पारदर्शी मूल्यको आविष्कार ले गर्दा हाल र भविष्यका मूल्य दुवै आम जनमानसको लागी लाभदायक हुनेछ जसका कारण कृषि उत्पादकहरुले भविष्य वजारमा चलेको मूल्यलाई आधार मानि cropping pattern समेत निर्धारण गर्न सक्दछ ।

२. आयातजन्य वस्तुहरुको निम्ति जोखिम न्यूनीकरण का लागी वजार उपलब्ध गराउने: क्रुड पाम तेल, जिकं, आलुमिनियम, फलाम, जस्ता नेपाली वजारमा उपभोग हुने तर कच्चा पदार्थ आयात गर्नुपर्ने वस्तुहरुको मूल्यमा हुने उतार - चढावका कारणले उत्पन्न हुने जोखिम न्यूनिकरणका लागी उक्त वस्तुहरुको कन्ट्रयाक्ट स्पेशिफिकेशन तयार गरि कारोवारका लागी उपलब्ध गराउने ।

३. Indices हरुको कारोवार शुरु गर्ने : वजारलाई निर्दिष्ट गर्ने सुचंकाकहरु तयार गरी सो सुचंकाकहरुलाई सुचना र कारोवार दुवै प्रयोजनको लागी उपलब्ध गराउने । जसमा Agri-Index र Market Index को प्रांरभिक कार्य शुरु भै सकेको छ । Agri – Index मा 5 – 7 अत्यावश्यक दैनिक घरायसी वस्तुहरुलाई Basket को रुपमा तयार गरी Index Form गरिनेछ र Market Index मा वैंक ब्याज दर, मुद्रास्फीति, उपभोक्ता मूल्य सुचंकाक लगायतका अवयवहरुलाई Basket मा राखि Index form गरी कारोवारका लागी उपलब्ध गराउनेछ ।

४ . अधिराज्यभरी व्रोकर सन्जाल तयार गर्ने : पूर्व विर्तामोड देखि पश्चिम नेपालगन्जसम्म हाल क्लियरिङ तथा नन क्लिरिङ मेम्बरहरुको सन्जाल विस्तार भएता पनि सो पर्याप्त नभएको महसुस भएकाले व्रोकर सन्जाल विस्तारको कार्यलाई घनिभूत रुपमा अघि वढाइनेछ ।

## सरकारी सम्बोधन र करको दायरा :

मेक्स स्थापना हुंदै कानून वमोजिमको करको दायरा भित्र समाहित भएको र हाम्रा सम्पूर्ण क्लियरिङ तथा नन - क्लियरिङ मेम्बर समेत करको दायरा भित्र समाहित भै सकेका छन् । सो वमोजिम मेक्स , यसका मेम्बर र सफ्टवेयर भेण्डर समेत सवैले गरी राज्यलाई करिब १ करोड वरावरका राजश्व योगदान ०६५ / ०६६ मा भएको छ । हालै वजेट भाषण मार्फत नेपाल सरकारले कमोडिटी फ्यूचर्स मार्केटको बारेमा सम्बोधन गरेकोलाई हामीले अत्यन्त सकारात्मक र एक पाइलो अगाडी बढेको रुपमा लिएका छौं ।

तर करको स्वरुपलाई जुनरुपमा लागू गर्न खोजिएको छ यो विश्व व्यापी प्रचलन र सिद्धान्त भन्दा विलकुलै अलग र अवैज्ञानिक रहेको तथ्यमा समेत हामी जोड दिन चाहन्छौं । विश्वव्यापी रुपमा TDS लागू नभै Capital Gain Tax लागू हुन्छ । Capital Gain Tax लागू गर्दा कारोवारमा भएको घाटालाई नाफा सित समायोजन गर्न पाउनु पर्दछ । तर हाल लागू गरिएको करले त्यो संभावना लाई सैद्धान्तिक रुपमा कायम राखेता पनि व्यवहारिक रुपमा समाप्त गरिदिएको छ । परिणामत : कारोबार मा प्रत्यक्ष असर पुग्न सक्ने अवस्था विद्यमान छ ।

## नियामक निकाय र सम्बद्ध ऐनहरु :

कमोडिटी फ्यूचर्स ले विश्वव्यापी रुपमा उद्योगको दर्जा पाएको छ । नेपालमा पनि सो हैसियत प्रदान गरियोस भन्ने हाम्रो अपेक्षा हो । नियामक निकाय को गठन, कमोडिटी एक्सचेन्ज ऐन, सेग्रिगेटेड एकाउण्ट सम्बन्धी ऐन र पब्लिक वेंयरहाउसको व्यवस्थापन पनि आजको आवश्यकता हो ।

उक्त पक्षमा सरकारी निकायहरुले MEX सित जे जस्तो सहयोगको अपेक्षा राखेको छ, सो सहयोगको लागी MEX सदैव तत्पर रहेको र वजारको विकासको लागी आफ्नो तर्फबाट भरमग्दुर प्रयत्न गरिरहेको तथ्य समेत जानकारी गराउन चाहन्छौं ।

मर्कन्टाइल एक्सचेन्ज नेपाल लि. का तर्फवाट
दीपेन्द्र खतिवडा
प्रवन्ध निर्देशक